
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १६ गते मंगलबार ❑ 28 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'सहमति पालना नभएकाले सरकारबाट बाहिरियौं'

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

नेकपा 'एमाले'ले सरकारलाई दिएको समर्थन फिर्ता गर्दै सरकारबाट बाहिरिएको छ । सरकारमा सहभागी भएको ६५ दिनमा एमाले बाहिरिएको हो ।

दुईदिनअघिसचिवालयबैठकले सरकारलाई निरन्तरता दिने निर्णय गरेको एमालेले सोमबार बसेको सचिवालय बैठकमा सरकारबाट अलग हुने निर्णय गरेको छ ।

पुस १० गते सरकार गठन गर्दा भएको सहमति पालना नभएको जनाउँदै सरकारबाट बाहिरने निर्णय गरेको बैठकपछि आयोजित पत्रकारसम्मेलनमा उपप्रधान तथा अर्थमन्त्री समेत रहनु भएका पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँले सरकारमा रहेर काम गर्ने सोच रहेपनि प्रधानमन्त्रीबाट एमालेबाट सहभागी मन्त्रीबारे गरिएको पछिल्ला अभिव्यक्ति र व्यवहारले सरकारमा बस्ननसकिएकोआरोपलगाउनुभयो।

सरकार गठन सत्ता पदको बाँडफाँट मात्र नभइ राष्ट्रिय अभिभारासमेत रहेकोले राष्ट्रमा रहेको सामाजिक, राष्ट्रिय स्वाधिनता, संविधानको रक्षा गर्नका लागि वर्तमान सरकारमा सहभागी भएको उहाँको भनाइ रहेको थियो । सरकारलाई सफल बनाउन सरकारको नीतिगत प्रथामिकता र न्यूनतम कार्यक्रम सत्तारुढ दलकै सहमतिमा सार्वजनिक गरेका उल्लेख गर्दै उहाँले भन्नुभयो, "सरकारले आफ्नो नीति तथा कार्यक्रमलाई ग्रहण गरेर अगाडि बढाएको थियो । हामी चाहान्थ्यौ त्यो नीतिगत प्राथमिकता प्रभावकारी रुपमा कार्यान्वयन होस् र सरकार गठनका निम्ति खासगरी पुस १० दुई दलबीचमा भएको सहमति अनुसार नै अघि बढ्छ भन्ने लागेको थियो, तर घटनाक्रम त्यस अनुसार अगाडि बढेन ।"

गत पुस १० गते प्रधानमन्त्री दाहालको नेतृत्वमा गठन भएको सरकारमा एमाले सहभागी थियो । यसअघि राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सरकारबाट बाहिरिने निर्णय गर्दै प्रधामन्त्री पुष्पकमल ' दाहाल प्रचण्ड' लाई राजीनामा बुझाइसकेको छ । यसैगरी नेकपा (एमाले)का तर्फबाट सहभागी मन्त्रीहरुले राजिनामा दिनुभएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर उक्त दलका उपाध्यक्ष एवम् उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसहितका मन्त्रीहरुले प्रधानमन्त्री समक्ष राजीनामा पत्र बुझाउनुभएको हो । राजिनामा बुझाउनेमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषि तथा पशुपक्षी मन्त्री ज्वालाकुमारी साह, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री राजेन्द्र राई, परराष्ट्रमन्त्री डा बिमला राई पौड्याल, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पद्म गिरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरी र रक्षामन्त्री हरिप्रसाद उप्रेती हुनुहुन्थ्यो ।

## मुलुकको समृद्धिका लागि जनजातिले नेतृत्व गर्न आवश्यक छ: मन्त्री जुग्जाली

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रेशम बहादर जुग्जाली मगरले जनजातिले नेतृत्व गरेको क्षेत्र सफल भएको भन्दै मुलुकको नेतृत्व जनजातिले गर्न आवश्यक रहेको बताएका छन् ।

नेपाल मगर संघको ४१ औं स्थापना दिवसको अवसरमा नेपाल मगर संघ कास्कीले आयोजना गरेको मगर एकता दिवसलाई सम्बोधन गर्दै उनले यस्तो अभिव्यक्ति दिएका हुन् । उनले मुलुकको समृद्धिका लागि जनजातिले देशको नेतृत्व गर्न आवश्यक देखिएको उल्लेख गरे ।

'देशको महत्वपूर्ण क्षेत्रमा जनजातिले नेतृत्व गर्न आवश्यक छ, जनजातिले नेतृत्व गरेको क्षेत्रमा सफलता मिलेको छ, मन्त्री जुग्जालीले भने, 'कुलमान घिसिङले उर्जामा सफलता दिलाए, महावीर पुनले बन्द अवस्थामा रहेको आविष्कार केन्द्र सञ्चालनमा ल्याए । त्यसैले यो एक सफलताको उदाहरण हो ।' पर्यटनमन्त्री जुग्जाली मगरले जनजातिले नेतृत्व गरेको क्षेत्रमा सफलता पाएको भन्दै अब देशको कार्यकारी पदमा जनजातिले नेतृत्व गर्न अधिकार खोज्नै पर्नेमा जोड दिए । उनले फरक प्रसंगमा बोल्दै पोखरा अर्न्तराष्ट्रिय विमानस्थल सञ्चालन गर्न पोखराको मात्र नभएर गण्डकी प्रदेशका ग्रामीण क्षेत्रमा रहेका पर्यकीय क्षेत्रको प्रचार र पूर्वाधार विकास गर्न आवश्यक रहेको बताए । 'पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आयो, अहिले फोटो खिच्ने र टिकटक बनाउने भन्दा अरु भएन, उनले भने, 'अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन गर्न पोखराको मात्र नभएर गण्डकी प्रदेशका सबै जिल्लाको पर्यटकीय क्षेत्रको विकास गर्न सके मात्र विमानस्थल सञ्चालन गर्न सहज हुनेछ ।' उनले मगर जातिले विदेशी मोह त्यागेर निजामती क्षेत्रमा प्रवेश गर्न आवश्यक रहेको बताए । 'मगर तथा जनजाति समुदायहरु विदेशी मोहमा बढी क्रियाशिल छन्, यसलाई रोक्न जनजाति समुदायले निजामती सेवा प्रवेशका लागि लोकसेवाका कक्षा सञ्चालन गर्न आवश्यक छ, तब मात्र जनजाति समुदायको केही हदसम्म विकास र उत्थान हुन्छ ।'

यस्तै कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले मगर तथा जनजाति समुदायले देश र जनताका लागि महत्वपूर्ण योगदान दिएको धारणा राखे । 'मुलकु जोगाउन र बनाउन मगर तथा जनजाति समुदायको महत्वपूर्ण योगदान छ, केसीले भने,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्व रवीन्द्र अधिकारीको असल संस्कार अँगाल्नुपर्छ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन




गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले स्व रवीन्द्र अधिकारीको असल संस्कारलाई अँगाल्दै एमाले अगाडि बढ्नुपर्ने बताउनुभएको छ ।

रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानद्वारा सोमबार पोखरामा आयोजित चौथो स्मृतिसभा तथा सम्मान कार्यक्रममा उहाँले भन्नुभयो, "आदर्शवान् नेता स्व अधिकारीको अनुसरण गर्न आवश्यक छ ।" पार्टीमा सक्रिय नेता अधिकारीको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको बताउँदै मुख्यमन्त्री अधिकारीले स्व अधिकारीका अपूरा कामलाई पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति एवं संस्कतिविद् प्रा डा जगमान गुरुङले स्व रवीन्द्र अधिकारी आदर्शवान् र जनताका नेता भएको स्मरण गर्नुभयो । रवीन्द्रको विचार र मार्ग निर्देशनलाई पछ्याउन सक्यौं भने देश विकास र समृद्धितर्फ अगाडि बढ्ने उहाँको विश्वास छ ।

रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानकी अध्यक्ष विद्या भट्टराईको अध्यक्षतामा सम्पन्न स्मृतिसभामा प्रतिष्ठानका महासचिव धनराज आचार्य, सचिव पुष्पज्योति ढुङ्गाना, प्रतिष्ठानका सल्लाहकार प्रा डा भरतराज पहारी लगायतले रवीन्द्र अधिकारीले राजनीतिक एवं सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुभयो ।

सो अवसरमा रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानद्वारा स्थापित रवीन्द्र अधिकारी स्मृति पर्यटन पत्रकारिता पुरस्कार, २०७९ द्वारा पत्रकार सुरज कुँवरलाई रु ५० हजार नगदसहित सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

## सरकारलाई दिएको समर्थन कायमै राख्ने रास्वपाको निर्णय

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकारलाई दिएको समर्थन कायमै राख्ने भएको छ । पार्टी केन्द्रीय कार्यालय बसुन्धारामा सोमबार बसेको पार्टीको केन्द्रीय कमिटीको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले उपयुक्त समय नआउञ्जेलसम्मका लागि सरकारलाई दिएको समर्थन यथावत राख्ने निर्णय गरेको पार्टीका सह-महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो । उहाँका अनुसार आजको बैठकले राष्ट्रपति निर्वाचनका लागि नेकपा (एमाले) र नेपाली कांग्रेस दुवै दलले सहयोग गर्न आग्रह गरे पनि अहिलेसम्म पार्टीले कसलाई समर्थन गर्ने भन्ने बारेमा कुनै निर्णय लिएको छैन ।

## अभिनेता पल शाह थुनामुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



अभिनेता पल तनहुँबाट थुनामुक्त भएका छन् । जबर्जस्ती करणी अभियोगमा दाबी नपुग्ने भन्दै उच्च अदालत पोखराबाट सफाइ पाएका अभिनेता शाह सोमबार जिल्ला कारागार तनहुँबाट थुना मुक्तभएका हुन् । बाल यौन दुरुपयोगको अभियोगमा पूर्वी नवलपरासी जिल्ला अदालतबाट दोषी ठहर भएका शाहलाई उच्च अदालत पोखराले आइतबार सफाइ दिएको थियो ।

कायममुकायम मुख्य न्यायाधीश डिल्लीराज आचार्य र न्यायाधीश श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले अभियोग दाबी नपुग्ने भन्दै सफाइ दिएको हो । नाबालिग बलात्कारको उजुरी परे पनि जिल्ला अदालत नवलपुरले उनलाई बाल यौन दुरुपयोगमा दोषी ठहर गरेको थियो । तर उच्च अदालत पोखराले जिल्ला अदालतको फैसला उल्टाइ दिएपछि शाहले सफाइ पाएका हुन् ।

यस्तै शाहका तर्फबाट वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, कृष्णबहादुर थापा, अधिवक्ता माधव घिमिरे, गणेशप्रसाद अधिकारी र जनकराज ढुंगानाले बहस गरेका थिए । अब शाहले सबै अभियोगबाट पूर्ण सफाइ पाएको अदालतका सूचना अधिकारी विष्णुप्रसाद आचार्यले बताएका छन् । आइतबारको फैसलामा नाबालिगले सुरु अदालतमा शाहबाट जबर्जस्ती करणीसहितको यौन दुर्व्यवहार नभएको भनी गरेको बकपत्र र सबै साक्षीले प्रतिवादीले जबर्जस्ती करणी गरेका होइनन् भनी गरेको बकपत्रलाई आधार मानिएको छ । गत वर्ष एक गायिकाले जबर्जस्ती करणी गरेको आरोपमा शाहविरुद्ध तनहुँ र पूर्वी नवलपरासी जिल्ला अदालतमा उजुरी दिएकी थिइन् । शाहलाई तनहुँ अदालतले गत माघ ३ मा सफाइ दिएको थियो । थुना मुक्त भएका शाहको पक्ष हजारौंको संख्यामा सहभागी हुदै उनलाई अविर तथा खादा लगाएका थिए । थुना मुक्त भएका शाहले सबैलाई धन्यवाद दिदै आफुलाई केहीले गलत गरेको भन्ने गरे पनि आज आफु गलत सावित नभएको बताए । आफुलाई धेरैले विश्वास गरेकोमा धन्यवाद दिदै शाहले अब आफ्नो अभिनयको क्षेत्रमा लाग्ने बताए । अभिनेता पहल शाह थुनामुक्त हुन साथ उनका शुभेच्छुकहरुले पलशाह हाई हाई भन्दै नारा लगाएका थिए । पल शाहले हात हल्लाउदै सबैलाई धन्यवाद दिएका छन् । आफ्नो पूर्वकर्म थप प्रभावकारी ढंगले गर्ने समेत उनले बताए । ठुलो भिडले शाहसँग लेल्फी लिनेको समेत उस्तै भिड भएको थियो । देश विदेशमा रहनु हुने सबै नेपालीहरुलाई शाहले बिषेश धन्यवाद दिएका छन् ।



# राष्ट्रपति रनिङ शिल्डको उपाधि पोखरा महानगरलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

पोखरा महानगरपालिकाले १३ औं संस्करणको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उपाधि जितेको छ । पोखरा रंगशालामा दुई दीन चलेको उक्त प्रतियोगितामा पोखरा महानगरले २८ स्वर्ण १० रजत र ६ काँस्य गरी ४४ पदक सहित पोखरा प्रथम भएको हो ।

३० स्वर्ण पदकको लागि भएको प्रतिष्प्रर्धामा रुपा गाउँपालिकाले २ स्वर्ण र ४ कास्य सहित ६ पदक प्राप्त गरी दोश्रो भएको छ । त्यसै गरी ९ रजत र ९ काँस्य गरी १८ पदक सहित माछापुच्छ्रे गाउँपालिका तेश्रो भएको छ । अन्नपूर्ण गाउँपालिका ७ रजत र ८ काँस्य गरी १५ पदक सहित चौथो स्थानमा रहेको छ । मादी गाउँपालिका पदक विहिन भयो । विजेतालाई उपाधिको साथमा १२ हजार, उपविजेतालाई ९ हजार प्रदान गरिएको थियो ।

पोखरा महानगरपालिकाको जितमा सविना खातुनले ५ स्वर्ण, एन्जल अधिकारीले ४ स्वर्ण पदक दिलाए । पोखरा रामघाटमा रहेको टप्स मावि कक्षा ९ मा अध्ययनरत खातुनले ४ सय मिटर, ८ सय मिटर, हाइजम्प, रिले तर्फ दुई स्वर्ण गरी ५ स्वर्ण पदक दिलाएकी हुन्। त्यस्तै पोखरा २७ को त्रिवेणी पब्लिक स्कुलकी एन्जल अधिकारीले १ सय मिटर, २ सय मिटर, लङजम्प र रिलेमा गरी ४ वटा विधामा



स्वर्ण पदक जितेकी हुन् । पोखरा महानगरको एथ्लेटिक्स तर्फका प्रशिक्षक शंकर शाहले पोखराका छनौट भएका खेलाडीहरु कास्की जिल्लामा छनौट हुने गरी थप मेहनत गर्ने बताए । मार्सल आर्ट सहित ९४ जना खेलाडीहरु जिल्ला स्तरिय प्रतियोगिताको लागि खेलाडी छनौट भएको जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख डि.बि.नेपालीले बताए ।

विजयी खेलाडीहरुको टोलीलाई गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री पन्चराम गुरुङ, नेपाल भारतोलन संघका केन्द्रिय उपाध्यक्ष राजन बड्गामी, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका निर्देशक कृष्ण तिमिल्सिना, कार्यालय प्रमुख लक्ष्मण योगी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बाँनिया, पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्का, पोखरा महानगरपालिकाका शिक्षा अधिकृत सोमनाथ भण्डारी लगायतले पुरस्कार वितरण गरेका थिए । गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताका लागि कास्कीबाट ९४ खेलाडी छनौट भएका छन् । सोमबार सम्पन्न जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताले जिल्लाको प्रतिनिधित्व गर्ने खेलाडी छनौट गरेको हो । ९४ खेलाडीमध्ये एथलेटिक्समा २२, उसुमा १२, करातेँ १२, तेक्वान्दो १२, भलिबल १८ र कबड्डीमा १८ जना खेलाडी छनौट गरिएको हो । छात्र र छात्रा दुवै गरी ९४ खेलाडी छनौट भएका हुन् । मार्सलआर्टमा पोखरा महानगरपालिकाको बाहेक अन्य पालिकाको सहभागिता नभएपछि सोझै छनौट भएका हुन् । अन्य खेलमा भने छनौट गरिएको हो । एथलेटिक्स छात्रा तर्फ एन्जल अधिकारी, सविना खातुन मिया, अनुष्का अधिकारी, नारायणी भण्डारी, संगिता घर्ती, कविता मगर, सम्पदा गुरुङ, रेखा विक,सिर्जना केसी, विनिता विक र पवित्रा गुरुङ रहेकी छिन् । वैकल्पिक खेलाडीमा सिर्जना केसी, दिपा पोडेल, शोनिका विक र अप्सरा भुजेल रहेकी छिन् । छात्रतर्फ रिशव श्रेष्ठ, कुशल पोखरले, सन्दिप कुँवर, प्रवेश आचार्य, तेन्जेन रोका मगर, मनिष जिसी, लव पोखरेल, नरेश विक, आसिष कार्की र रितेश विक रहेका छन् । वैकल्पिक खेलाडीतर्फ दिपेश यादव, विराज परियार र राजिव थापा रहेका छन् ।

भलिबल छात्रातर्फ सजिना बुढाथोकी, स्माइल पुन, कृष्ला बलाम, जमुना गुरुङ, तुलकुमारी तिलिजा, मनिषा राई, शोभा मगर, विन्दु विक र सुस्मिता विक रहेकी छन् । वैकल्पिक खेलाडीमा आकृति थापा र दिपा थापा रहेकी छिन् । छात्रतर्फ आसिष सुनार, मदन छन्त्याल, सुदिप परियार, टाइसिन गुरुङ, किसान थापा,, सुजन बुढाथोकी, समिर विक, प्रतिक श्रेष्ठ र मञ्जुर मिया रहेका छन् । वैकल्पिक खेलाडीमा विद्धान विक, आसिष नेपाली, रञ्जन सुनार रहेका छन् । कबड्डी छात्रातर्फ संजु घर्ती, भिमसरा विक, रोजिना कुँवर, रोजिना सुनार, स्विकृत केसी, दिविसा ज्यु ठकुरी, सुष्मा कुँवर, पुनम कुँवर र करुणा नेपाली रहेकी छिन् । वैकल्पिक खेलाडीमा पुष्पा श्रीपाली, एलिना परियार, अनिता परियार र अनिषा सुनार रहेकी छिन् । छात्रतर्फ उचित रिमाल, सौगात भट्टराई, समिर शाही, सुशान भुजेल, रोहन खत्री, भविन पुन, मदन राना, सुमिन गुरुङ र आयुष विक रहेका छन् । वैकल्पिक खेलाडीमा अशोक पोडेल, निसान तामाङ र राजेश गुरुङ रहेका छन् ।

# प्रविधिमैत्री बनाउन सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

देशकै प्रमुख पर्यटकीय सहर पोखराको यातायात व्यवस्थालाई समानुकूल परिमार्जित गरी प्रविधिमैत्री बनाइने भएको छ ।

पोखराको हरित यातायात प्रणाली विकास परियोजना र गणतन्त्र कोरियाको भूमि, पूर्वाधार र यातायात मन्त्रालयका प्रतिनिधिबीच यस सम्बन्धमा द्विपक्षीय सम्झौता भएको भएको हो । पोखराको अहिलेको यातायात व्यवस्थालाई प्रविधिमैत्री बनाउँदै हरियाली प्रवर्द्धन गर्ने सम्झौतामा उल्लेख छ । परियोजनाअन्तर्गत पोखराका ८४ बस रुटमा एक हजार दुई सय ८६ स्थानमा बस बिसौनि निर्माण गरिनेछ । यस्तै तीन स्थानमा बस टर्मिनल बनाइनेछ । परियोजनाअन्तर्गत कोरियाले विभिन्न साझेदार संस्थाको समन्वयमा पहिलो चरणमा १५ लाख अमेरिकी डलर खर्च गर्नेछ । यसको आधा रकम बस स्टप र बसमा मेसिन जडानमा खर्च हुने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो ।

पोखराको मुख्य चोकपृथ्वी चोकलाई थप विस्तारसमेत गरिनेछ । तीन चरणमा गरी सम्पन्न गरिने यस परियोजनाको पहिलो चरणमा सहरी यातायात व्यवस्थापनका लागि प्रारम्भिक चरणको काम सकिनेछ ।

यस्तै दोस्रो चरणमा हरित यातायात प्रणालीको विकास गरिने छ भने, तेस्रो चरणमा दिगो हरित यातायात प्रणालीको विकास गरिनेछ । विश्वमा भएको उत्कृष्ट सहरी यातायात व्यवस्थापनको नमुना पोखरामा हुने कोरियन टोलीले विश्वास दिलाएको छ ।

परियोजनाका दौरानमा हाल नेपालमा रहेका सवारीको अवस्था र कोरियामा भइरहेको यातायात व्यवस्थापनको अनुभवलाई समेत प्रयोग गरिनेछ । टोलीका अनुसार परियोजनाको अन्त्यमा पोखराको सहरी यातायात व्यवस्थापन प्रविधिमैत्री र स्मार्ट हुनेछ । पोखरामा चल्ने सार्वजनिक यातायातको सेवाका बारे हरेक नागरिकले डिजिटल माध्यमबाट जानकारी पाउने छन् । अहिलेजस्तो कुनै पनि स्थानमा लामो समयसम्म बस कुर्नुपर्ने छैन भने, चालकले समेत जथाभावी यात्रु चढाउन र ओराल्न पाउने छैनन् । महानगर प्रमुख आचार्यले यस परियोजना मार्फत पोखरामा वातावरणमैत्री यातायात प्रणालीको विकासमा टेवा पुग्ने बताउनुभयो । उहाँका अनुसार परियोजना सम्पन्न भएपछि बस चढ्ने यात्रुको सङ्ख्यामा वृद्धि, कार्बन उत्सर्जनमा न्यूनीकरण र सार्वजनिक यातायातको सम्पूर्ण जानकारी प्राप्तिमा यात्रुलाई सहज हुने विश्वास महानगरको छ । पोखरामा बढ्दो सहरीकरण र ट्राफिक चापलाई व्यवस्थित गर्नका लागि परियोजना प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

# सृजना कप भलिबलमा ४५ टिम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

पोखरामा मंगलबारदेखि सृजना कप संचालन हुँदैछ । पोखरा रंगशालाको भलिबल कोर्टमा ४ दिनसम्म चल्ने प्रतियोगितामा ४५ टिमले भाग लिने भएका छन् । गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले दिउँसो साढे १ बजे प्रतियोगिता उद्धाटन गर्ने छन् ।

सृजना विकास केन्द्र र कास्की जिल्ला भलिबल संघको संयुक्त आयोजनामा संचालन हुन लागेको कास्की जिल्ला सामुदायिक विद्यालय छात्रछात्रा भलिबलमा विगतको तुलनामा टिम सहभागिता बढेपछि आयोजक समेत उत्साहित छ । २०७३ सालदेखि संचालित यो प्रतियोगिता कोरोना कारण बीचमा प्रभावित बनेको थियो । यसपालि पाँचौं संस्करणसम्म आइपुग्दा छात्रतर्फ ३० र छात्रातर्फ १५ टिमले सहभागिता जनाएको सृजना विकास केन्द्रका पूर्व अध्यक्ष एवं प्रतियोगिता संयोजक मीनप्रसाद भट्टराईले जानकारी दिए ।

छात्रछात्रा दुवैतर्फ विजेतालाई १/१ लाख, उपविजेतालाई ६०/६० हजार र तृतीय हुने विद्यालयलाई ३५/३५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ । सर्वोत्कृष्ट छात्रछात्रा दुवैलाई जनही ५ हजार र अन्य ६ विधाका उत्कृष्ट खेलाडीलाई पुरस्कृत गरिनेछ । उत्कृष्ट प्रशिक्षकले ५ हजार पाउने सिर्जना विकास केन्द्रका निवर्तमान अध्यक्ष एवं प्रतियोगिता संयोजक इन्द्रप्रसाद पौडेलले बताए । प्रतियोगिताको दिउँसो उद्धाटन हुने भए पनि बिहान ९ बजेदेखि नै खेल सुरु छन् । फाइनल फागुन १९ गते हुनेछ । प्रतियोगितामा कास्कीका सामुदायिक विद्यालयका कक्षा १२ सम्मका विद्यार्थीले भाग लिएका हुन् । गत वर्ष पोखरा-१८, भकुण्डेस्थित शान्ता माविले दोहोरो उपाधि जितेको थियो । प्रतियोगितामा १२ लाख ५० हजार आम्दानी हुने र ११ लाख खर्च लाग्ने आयोजकको अनुमान छ । बचत भलिबल खेलको विकासको निम्ति कोष स्थापना गरिने तथा सृजना विकास केन्द्रद्वारा संचालित सृजना बालगृहमा सहयोग गरिने सिर्जना विकास केन्द्रका कृष्णबहादुर थापाले जनाए । २०४३ सालमा डम्बरबहादुर केसी नेतृत्वको तत्कालीन सिजना युवा क्लबले रनिङ शिल्ड प्रतियोगिता आयोजना गरेर खेलकुदको विकासमा पनि योगदान पुऱ्याएको थियो ।

# तेश्रो शितल ज्योति कप फागुन २० देखि पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

तेश्रो शितल ज्योति कप सेभेन ए साइड फुटवल प्रतियोगिता यही फागुन २० देखि पोखरामा हुने भएको छ । पोखरा १२ मा रहेको शितल ज्योति युवा क्लवको आयोजनामा यही फागुन २७ गतेसम्म पोखराको अम्मरसिंह खेल मैदानमा उक्त प्रतियोगिता हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईएको हो ।

पोखरामा जारी प्रथम किरण खड्का स्मृति सेभेन-ए साईड फुटवल प्रतियोगिता २०७४ अर्न्तगत शनिबार सेमिफाईनलका खेल सहित फाईनल खेल हुने भएको छ । पहिलो सेमिफाईनल खेलमा एल.जी.एशोसियसन बिरुद्ध संगम एफ.सी. बिच बिहान हुने भएको छ भने दोश्रो खेलमा गलेश्वर एफ.सी. बिरुद्ध मसिना एफ.सी.ए बिच खेल हुने भएको आयोजक शितल ज्योति युवा क्लवका सचिव पुर्ण गुरुङले बताए । दिउसो १ बजे पछि फाईनल खेल सहित प्रतियोगिता समापन हुने भएको छ । पोखराको अम्मरसिंहचोक स्थित अमरसिंह माविको खेल मैदानमा शुक्रबार भएको पहिलो क्वाटरफाइन खेलमा एल.जी.एशोसियसनले रन्जन मेमोरियललाई सडेन डेथमा पराजित गर्दै सेमिफाईनलमा यात्रा बनाएको हो । निर्धारित समयमा दुबै तर्फ गोल हुन नसके पछि टाईब्रेरमा पुगेको खेलमा टाईब्रेकरमा पनि दुबै तर्फ २-२ गोलले खेल बराबरीमा टुंगिए पछि निर्णायकको अन्तिम विकल्प सडेन डेथबाट टुंगो लागेको हो । टाईब्रकर पछि १० औं खेलाडीले पेनाल्टी सुट हान्दा टुंगो लागेको हो । खेलमा एल.जी.का गोलरक्षक राम बहादुर कार्की म्यान अफ दी म्याच घोषित भए । दोश्रो खेलमा संगम एफ.सी.ले बिष्णुपादुका क्लव हेमजालाई टाईब्रेकरमा ३-२ को गोल अन्तरले पाखा लगायो । निर्धारित समयमा दुबै तर्फ एक-एक गोल भए पछि खेल टाइब्रेकरमा धकेलिएको हो । खेलमा संगमका गोलरक्षक हिमाल गुरुङ म्यान अफ दी म्याच घोषित भए । म्यान अफ दी म्याच घोषित सुनिल गुरुङको निर्णायक एक गोलको मद्धतले तेश्रो क्वाटरफाईनल खेलमा मसिना एफ.सी एले गार्डेन एफ.सी.लाई १-० ले पन्छाउदै अन्तिम चारमा स्थान बनाएको हो । अन्तिम क्वाटरफाइनल खेलमा आयोजक शितल ज्योतिको निलो समुह माथि गलेश्वर एफ.सी.ले टाइब्रेकरमा ३-२ ले पराजित गर्दै सेमिफाईनलमा यात्रा बनाएको हो । निर्धारित समयमा दुबै तर्फ गोल रहित खेल बराबरीमा टुंगिए पछि खेल टाईब्रेकरमा धकेलिएको हो । खेलमा गलेश्वरका अनन्त दुरा म्यान अफ दी म्याच घोषित भए । आयोजकले ४ टिम लियर मैदानमा उर्त्रिए पनि क्वाटरफाइनल भन्दा माथिको यात्रा तय गर्न सकेन ।

# मुलुकको...

'देश र जनताका लागि केही गर्नुपर्छ भनेर इतिहास कालदेखि हरेक क्षेत्रमा जनजाति समुदायको योगदान रहेको छ ।'नेपाल मगर संघ गण्डकी प्रदेशका उपाध्यक्ष तारा थापा मगरले मगर जातिको भाषा संस्कृतिलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने तर्क राखिन् ।

यसैगरी तमु धिं नेपाल कास्कीका अध्यक्ष हुम बहादुर गुरुङले राज्यको कार्यकारी क्षेत्रमा रहेर काम गर्न जनजाति समुदाय एकजुट हुन आवश्यक रहेको बताए । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशका महासचिव सुजन लामा, नेपाल मगर विद्यार्थी संघका सल्लाहकार बालकृष्ण काउछा मगर लगायतले बोलेका थिए । नेपाल मगर संघको ४१ औं स्थापना दिवसको अवसरमा पोखराको चिप्लेढुङ्गाबाट सुरु भई झाँकी तथा ऱ्याली महेन्द्रपुल, नयाँबजार, लखनचोक हुँदै पोखरा रंगशालास्थित मगर संघ कास्कीको सभाहलमा गएर कोण सभामा परिणत भएको थियो ।


## सार्वजनिक यातायातलाई व्यवस्थित गरौं ।

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं ।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं ।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं ।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं ।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं ।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं ।
- ट्राफिक नियमको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# किन ढिलो भयो हिउँदे वर्षा

-सिबी अधिकारी
काठमाडौं, १५ फागुन (रासस)

यस वर्ष हिउँद याम सकिनै लाग्दा अर्थात् करिब पाँच महिनापछि आइतबार राजधानी काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा हल्कादेखि मध्यम वर्षा भयो । सामान्यत नेपालमा हिउँदे वर्षा मङ्सिर दोस्रो सातामा सुरु भएर फागुन दोस्रो सातासम्म रहन्छ । हिउँदे याम सुरु भएको तीन महिनापछि अर्थात् फागुन १४ गते देशभर वर्षा भयो । मौसमी भाषामा यो वर्षालाई हिउँदे वर्षाकैरुपमा लिइन्छ । तर, यो वर्षा प्रि-मनसुनको जस्तो मेघगर्जन, चट्याङ र हावाहुरीसहितको वर्षा भएकाले मौसमविद् नै द्विविधामा छन् । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको जलवायु विश्लेषण शाखाका शाखा प्रमुख वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलले यो वर्ष ढिलोगरी हिउँदे वर्षा भएको बताउनुभयो । उहाँले मङ्सिर १५ देखि फागुन १५ सम्म हिउँदे वर्षाकैरुपमा गणना गरिने भएकाले आइतबार भएको वर्षा हिउँदे वर्षा नै भए पनि यसको प्रकृति प्रि-मनसुनको जस्तो अर्थात् मेघगर्जन र चट्याङसहितको वर्षा भएको उहाँले उल्लेख गर्नुभयो ।

"हिउँदयामको अन्तिममा थोरै भए पनि वर्षा भयो, यसले किसानलाई राहत मिलेको छ, तर यो वर्षाको प्रकृति हेर्दा प्रि-मनसुनको वर्षा जस्तो छ । हिउँदयाममा चट्याङ र असिनारहितको वर्षा भएको छ", मौसमविद् कँडेलले भन्नुभयो । नेपालमा मार्च, अप्रिल र मेसम्म तीन महिन प्रि-मनसुन मानिन्छ । यो वर्ष फागुन १६ सम्मलाई हिउँद याम मानिने उहाँले बताउनुभयो ।

यो वर्ष के कारणले हिउँदे वर्षा भएन भनी सोधिएको जिज्ञासामा मौसमविद् कँडेलले पश्चिमी वायुको सक्रियता र क्षमतामा ह्रास आएका कारणले हिउँदे वर्षा कम भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "पूर्वी प्रशान्त महासागरमा विकसित जलवायु प्रणाली विपरीत दिशातर्फ अर्थात् भूमध्ये रेखाको आसपास गएकाले समुद्रको पानी तातिनुपर्नेमा चिसो हुँदै गएकाले जलवाष्फको मात्रा जुन किसिमले विकसित हुनुपर्ने हो त्यो नहुँदा नेपालतर्फ पश्चिमी वायुको प्रभाव कम देखिएको हो ।" विभागअन्तर्गतको जलवायु विश्लेषण शाखाले हिउँद र वर्षायामको वर्षाको विश्लेषण गर्ने गरेको छ । मौसमविद् कँडेलका अनुसार यो वर्षको हिउँदयाममा आजसम्मको रेकर्डमा जम्मा १२ दशमलव ९ मिलिमिटर वर्षा भएको छ । हिउँदमा सरदर ६० दशमलव १ मिलिमिटर वर्षा हुन्छ । आइतबार विशेषगरी पहाडी क्षेत्रका भूभागमा भएको वर्षाले लामो खडेरी बेहोरिरहेका किसानलाई राहत मिलेको छ । पर्यावरण सन्तुलनमा समेत मद्दत पुगेको मौसमविद् को भनाइ छ । पश्चिमी वायुको सक्रियता नबढेका कारण हिउँदे वर्षा हुन नसकेको मौसमविद् गङ्गा नगरकोटी बताउनुहुन्छ । वरिष्ठ मौसमविद् कँडेल पनि नगरकोटीको भनाइमा सहमति जनाउँदै तुलनात्मकरुपमा पश्चिमी वायुको फैलावट राम्रोसँग हुन नसकेकाले हिउँदे वर्षा नभएको उल्लेख गर्नुभयो । सन् २०२२ को अक्टोबर १५ र १६ देखि खासै वर्षा भएको थिएन । नोभेम्बरमा केही स्थानमा र सन् २०२३ को जनवरीमा पनि विभिन्न स्थानमा छिटफुट मात्रै वर्षा भएको थियो । वर्षा नहुँदा सुक्खापन र खडेरी बढेको थियो । यो वर्ष विगतका वर्षमा भन्दा तापक्रम सरदरभन्दा बढी नै रहेको थियो । नेपालमा सामान्यतया फागुन लागेपछि मौसम न्यानो हुने गरेको छ । मौसमविद्को भनाइमा यस वर्ष हिउँदे वर्षा पर्याप्तमात्रामा हुन सकेन । राजधानी काठमाडौँ उपत्यकामा त झन यो वर्ष हिउँदे वर्षा भएन । उपत्यका बाहिर खासगरी देशका पश्चिमी क्षेत्रमा हल्कादेखि मध्यम वर्षा भयो भने पश्चिमदेखि पूर्वीभेगसम्मै उच्च हिमाली क्षेत्रमा हल्का हिमपात भएको छ ।

हिउँदे वर्षा नहुँदा हिउँदे बाली लगाएका किसान मर्कामा परेका छन् । लामो समयसम्म वर्षा नहुँदा वातावरण र पर्यावरणमा समेत असर परेको उनीहरुको विश्लेषण छ । गर्मी, जाडो, वर्षा जस्ता प्राकृतिक विशेषता मानवसँग प्रत्यक्ष जोडिन्छन् । यसले पर्यावरणमा सकारात्मक तथा नकारात्मक प्रभाव पार्ने बताइन्छ । जलवायु परिवर्तनको प्रभावले मौसममा उतारचढाव आउने अनुमान गरिएको छ । युरोपियन महादेशबाट क्यास्पियन सी 'ब्लाक सी' को बाटो हुँदै इरान, अफगानिस्तान, पाकिस्तान र उत्तरपश्चिम भारतबाट नेपाल भित्रिने वायुको प्रभावले हिउँदे वर्षा गराउने विज्ञ बताउँछन् । पश्चिमी वायुमा जलवाष्फको मात्रा वृद्धि भएपछि तथा वायुमण्डलीय चापमान घटेर यस मौसममा वर्षा हुने गरेको विज्ञको तर्क छ ।

# ढल्दैछन् चौताराका वर, पीपल

पोखरापत्र संवाददाता
पर्वत, १५ फागुन

झट्ट बुझ्दा चौतारी भनेपछि शीतलता दिने छहारी बुझिन्छ । वर, पीपल र स्वामीको बोट वरिपरि चार कुना मिलाइ ढुङ्गा बिछ्याएर बनाइएको ठाउँलाई सामान्यतःचौतारो वा चौतारी भन्ने गरिएको पाइन्छ । धार्मिक, सामाजिक र पर्यावरणीय दृष्टिकोणले चौतारीलाई महत्वपूर्ण मान्ने गरिन्छ ।

पछिल्ला दिनमा भौतिक विकास र प्रविधिको उच्चतम प्रयोगले गर्दा सहरमा चौतारी भेट्न कठिन भइसकेको छ । पहिले जस्तो चौतारीमा भेला भएर खबर थाहा पाउनुपर्ने बाध्यता छैन । गाउँका घरघरमा मोटर बाटो पुग्नु अनि उकाली ओराली गर्दै बजारसम्म धाउनुपर्ने बाध्यता नरहनुले 'चौतारो संस्कृति' हराउँदै गएको छ भने बाँकी चौतारासमेत भग्नावशेष र सुनसान बनेका छन् ।

"पहिले हाम्रो समयमा गाउँका र देशविदेशका कुरा थाहा पाउन चौतारीमा पुग्नुपर्दथ्यो, त्यहाँ गाउँका जान्ने सुन्नेहरू भेला भएर खबर सुनाउने गर्थे", कुश्माका ७० वर्षीय कुलप्रसाद श्रेष्ठले भन्नुभयो, "उहिले चौतारीमै नाच्ने बजाउने गरिन्थ्यो, मान्छेहरू सबै चौतारीमा लहरै बसेर हेर्ने गर्थे, पछि गाउँमा मोटर पुऱ्याउने, विद्यालय बनाउने भन्दै सबै चौतारी ढालियो ।" केही समयअघि फलेवास नगरपालिकाले 'ग्रिन फलेवास क्लिन फलेवास' भन्दै घर वरपरका ठूला रुख मात्र काटेन, चौतारीका वर, पीपल र स्वामीका रुख पनि कटान गरेको थियो । "गाउँमा मोटर बाटो लैजानलाई बटुवाले थकाइ बिसाउने शीतल छहारीका चौतारी त मासिएका नै थिए", कार्कीनेटाका याम परियारले भन्नुभयो, "बाँदर धपाउने, घरमा घाम भित्र्याउने जस्ता नाममा चौतारीका वर, पीपल र स्वामीका बोट फँडानी भइरहेका छन् ।"

शिवालयका पूर्वप्रधानपञ्च लोकनाथ आचार्यले अहिलेको कुश्मा बजारका धेरै ठाउँमा चौतारीले भरिएको कुरा सुनाउनुभयो । "बाघचाल खेल्ने, समय बिताउने, थकान मार्ने काम त चौतारीमा हुन्थ्यो नै", उहाँले पुराना दिन सम्झँदै भन्नुभयो, "पञ्चायतमा आएका सानातिना मुद्दामामिला पनि चौतारीमा बसेर मिलाउने गर्थ्यौं, कटुवालले फलानो चौतारीमा आउनुहोला भनेर बालाउने गरिन्थ्यो, चौतारीमा भद्रभलादमीदेखि सर्वसाधारण जम्मा भएर गल्ती गर्नेलाई पीपल छुवाएपछि साँचो बकी हाल्थे, न्याय निसाफ दिने ती चौतारी सबै विकासका नाममा नासिए ।"

स्थानीय मीना पौडेलले परम्परादेखि पुज्दै आएको र हिन्दू धर्मालम्बीको आस्था बनेका बोटको संरक्षणतर्फ लाग्नुपर्नेमा सम्बन्धित निकाय नलाग्नु दुःखद् भएको बताउनुभयो ।

डिभिजन वन कार्यालय पर्वतले चौतारी संरक्षण र पोखरी निर्माणमा काम गर्दै आएको भए पनि त्यो पर्याप्त देखिएको छैन । वर, पीपल र स्वामीजस्ता बोटको महत्वका बारेमा जनस्तरबाट चासो र चिन्ता कम हुँदा संरक्षण अभियान फलदायी हुन नसकेको कार्यालयको बुझाइ छ । "स्थानीय जनप्रतिनिधिले समस्या देखाएर वडाको निर्णय भन्दै काट्नुहुन्छ, तर त्यो वन ऐनविपरीत छ, कति पटक त हामीले रोकेका पनि छौँ", कार्यालयका सूचना अधिकारी अरुणा पौडेलले भन्नुभयो, "पर्यावरणीय दृष्टिकोणले पिपल ज्यादै महत्वपूर्ण मानिनुका साथै यसले २४ घन्टा नै अक्सिजन छाड्ने भएकाले मानव स्वास्थ्यमा प्रभाव पार्ने फलदायी वृक्ष हो ।"

उहाँका अनुसार खेतबारी नजिकै वर, पीपलका रुख हुने हो भने मूल नसुक्ने हुँदा जमिन बाह्रै महिना रसिलो हुने गर्छ । चराचुरुङ्गीको बास हुने हुँदा बाली नष्ट गर्ने हानिकारक किरा चराले खाइदिनेदेखि बाँदरलाई चाहिने आवश्यक खानकी बोटमै प्राप्त हुने भएकाले बालीनाली नियन्त्रणमा मद्दत पुग्ने वन डिभिजन कार्यालयको भनाइ छ ।

# पहिराका कारण विद्यालय जोखिममा

पोखरापत्र संवाददाता
बागलुङ, १५ फागुन

सडक निर्माणका क्रममा खसेको सुख्खा पहिरोले बागलुङ नगरपालिका-८ सिगानाको भैण्डाँडा आधारभूत विद्यालय जोखिममा परेको छ ।

'एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक'अन्तर्गत बागलुङ बजारदेखि बोक्से-सिगाना हुँदै बरेङ शान्तिपुर जोड्ने उक्त सडक विस्तारका क्रममा विद्यालय मुनी चट्टान फुटेपछि सुख्खा पहिरो खस्दा विद्यालय प्रवेशद्वारसम्म क्षति पुगेको छ । क्षेत्र नम्बर एकअन्तर्गत पर्ने उक्त सडकको झण्डै १० किलोमिटर कालोपत्रेका लागि सडक चौडा पार्ने काम भइरहेको छ । पहिरोले विद्यालय भवन जोखिममा परेपछि पठन-पाठनमा समस्या भएको विद्यालयका प्रधानाध्यापक योगेन्द्र हमालले बताउनुभयो । "पहिरोले विद्यालय जोखिममा पारेकाले बर्खा नलाग्दै जोखिम न्यूनीकरण गर्नुपर्ने हुन्छ । यसका लागि निर्माण व्यवसायी र वडा कार्यालयलाई जानकारी गराएका छौँ", उहाँले भन्नुभयो ।

प्रधानाध्यापक हमालका अनुसार विद्यालयको प्रवेशद्वारसम्म सडक निर्माणका क्रममा चिर्किएको छ भने विद्यालयको शौचालय र धारामा गत वर्षको पहिरोले क्षति पुऱ्याएको थियो । विद्यालयको पूर्व र पश्चिम पट्टी भिरालो जग्गा भएका कारण जोखिम बढ्दै गएको उहाँको भनाइ थियो ।

विद्यालयलाई जोगाउन तत्कालै ग्याबिन लगाउने तयारी भइरहेको निर्माण कम्पनी कर्ण विल्डर्सका प्रतिनिधि सन्दिप श्रेष्ठले जानकारी दिनुभयो । उहाँले ढुङ्गा सहितको जग्गामा सडक चौडा पार्ने क्रममा सुख्खा पहिरो गएको जानकारी गराउँदै विद्यालयलाई कुनै क्षति हुन नदिने बताउनुभयो । रू ३२ करोड लागतमा उक्त सडक विस्तार र पूर्वाधारको काम भइरहेको छ ।

# यू-१९ विश्वकप एसिया छनोटमा नेपाल तेस्रो खेलमा विजयी

रासस
काठमाडौं, १५ फागुन

आइसिसी यू-१९ पुरुष विश्वकप क्रिकेट अन्तर्गत एसिया क्षेत्र छनोटमा नेपाल लगातार तेस्रो खेलमा विजयी भएको छ । नेपालले सोमबार भएको तेस्रो खेलमा हङकङलाई नौ विकेटले पराजित गरेको हो ।

युनाइटेड अरब इमिरेटस् (युएई) मा जारी प्रतियोगितामा हङकङले पहिला ब्याटिङ गर्दै ४६ दशमलव तीन ओभरमा सबै खेलाडी गुमाउँदै नेपालसामु जितका लागि एक सय २१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । नेपालले विजयी लक्ष्य २२ दशमलव एक ओभरमा एक विकेट गुमाएर पूरा गऱ्यो । नेपालका लागि आकाश त्रिपाठीले अविजित ६४ रनको योगदान दिए । उनले ७२ बल खेल्दै चार छक्का र पाँच चौका हाने । यस्तै प्रतियोगितामा आजै डेब्यू गरेका उत्तम थापामगरले अविजित ३९ तथा अर्जुन कुमालले १६ रन बनाए । बलिङतर्फ हङकङका ड्यानियल मोर्गन मापले एक विकेट लिए ।

यसअघि टस जितेर पहिला ब्याटिङ गर्ने क्रममा हङकङका लागि पर्थ भागवतले ३६ रन बनाए । उनले ९३ बल खेल्ने क्रममा चार चौका प्रहार गरे । मोहम्मद जाहिरले २९ तथा अहान त्रिवेदीले ११ रन बनाए । अन्य ब्याटरको खेल प्रदर्शन उल्लेख्य रहेन । बलिङतर्फ नेपालका लागि हेमन्त धामीले तीन, सुवास भण्डारी र आकाश चन्दले दुई दुई तथा दीपेश कँडेलले एक विकेट लिए । नेपालले यसअघि पहिलो खेलमा सिङ्गापुरलाई ९६ रन तथा दोस्रो खेलमा कुवेतलाई दुई सय ४३ रनले पराजित गरेको थियो । नेपालले अब मङ्गलबार मलेसियासित तथा बिहीबार युएईसँग खेल्नेछ । प्रतियोगितामा नेपालसहित, आयोजक युएई, सिङ्गापुर, कुवेत, हङकङ र मलेसिया सहभागी छन् । प्रतियोगिताको शीर्ष टोलीले सन् २०२४ मा श्रीलङ्कामा हुने यू-१९ विश्वकप क्रिकेट खेल्न पाउनेछ ।


## Madi Rural Municipality
### Office of The Rural Municipal Executive
### Thumakodada, Kaski, Gandaki Province, Nepal

मादी गाउँपालिका

## Invitation for Seal Quotation

**First date of Publication: 2079/11/16 (28th Feb 2023)**

1. **Madi Rural Municipality,Office of the Rurual Municipal Executive, Thumakodada, Kaski** invites the Hard Copy bids from Nepalese eligible bidders for Seal Quotation contracts under Hard Copy-procurment system for the construction of projects mentioned below;

| SN | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (without VAT & contingence) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 13/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-1 Office Building | 4,88,569.73 | 15,000 | 75 days | 1000 |
| 2 | 14/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-5 Office Building | 3,93,450.37 | 12,000 | 75 days | 1000 |
| 3 | 15/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-6 Office Building | 5,98,633.25 | 18,000 | 75 days | 1000 |
| 4 | 16/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-7 Office Building | 7,39,165.39 | 22,500 | 75 days | 1000 |
| 5 | 17/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-8 Office Building | 2,95,643.40 | 9,000 | 75 days | 1000 |
| 6 | 18/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-9 Office Building | 1,43,314.03 | 4,400 | 75 days | 1000 |
| 7 | 19/MRM/SQ/ WORK/2079/080 | Renovation Of Ward no-12 Office Building | 8,07,240.84 | 24,500 | 75 days | 1000 |

2. **Purchase, Submission and Opening:**

| Contract No. | Bid Document Purchase | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| 13,14…& 19/MRM/SQ/ WORK/2079/080 | Date | Time | Date | Time | Date | Time |
| | 2079/11/30 | 17:00 | 2079/12/01 | 12:00 | 2079/12/01 | 13:00 |
| **Bank Name** | **Name of Office** | | **Revenue Account No** | | **Deposit Account No.** | |
| Machhapuchhre Bank ltd, Thumakodada Kaski. | Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski | | 0790051472900083 | | 0790051472900011 | |

3. Bidders should Purchase the bidding documents and submit their bids Hard Copy through Hard Copy-procurment section of Madi Rural Municipality, as specified in the bidding data sheet for provision of Hard Copy-Bidding.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**